पाँचखपन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

संखुवासभा, प्रदेश नं. १

राजश्व सुधार कार्ययोजना
२०७९

अन्तिम प्रतिवेदन



प्राविधिक सहयोग

पाथवे इन्जिनियरिङ कन्सल्टेन्सी, प्रा.लि.

भक्तपुर

४.४.६ परिवर्तित व्यवस्था अनुसार राजश्व संकलन ४०
परिच्छेद ५ : राजश्व सुधार कार्ययोजना ४१
परिच्छेद ६ : आगामी तीन वर्षको आय प्रक्षेपण ३४
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ३४
६.२ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ३८
परिच्छेद ७ : अपेक्षित नतिजा ४०
परिच्छेद ८ : कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन ४२

तालिकाहरू

तालिका नं. १: वडा विभाजन तथा भौगोलिक अवस्था सम्बन्धी विवरण १५
तालिका नं. २: पाँचखपन नगरपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण १७
तालिका नं. ३: नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण २०
तालिका नं. ४: स्थानीय सरकार संचालन ऐन २०७४ अनुसारको राजस्व अधिकार २४
तालिका नं. ५: नगरपालिकाको आय परिचालनको अवस्था २६
तालिका नं. ६: नगरपालिकाको आय परिचालनको अवस्था २८
तालिका नं. ७: नगरपालिकाको सम्पति करको सम्भावनाको अवस्था २९
तालिका ८: नगरपालिकामा घरबहाल करको सम्भावनाको गणना ३०
तालिका ९: व्यवसाय करको सम्भावनाको गणना ३१
तालिका १०: व्यवसाय रजिष्ट्रशन दस्तुरको सम्भावनाको गणना ३३
तालिका ११: सिफारिश दस्तुरको विवरण ३५
तालिका १२: नक्सा पास दस्तुरको सम्भावनाको गणना ३५
तालिका १३: सरकारी सम्पतिको बहालबाट आय ३६
तालिका १४: राजस्व परामर्श समिति विवरण ३८
तालिका १५: राजस्व सुधार कार्ययोजना ४१
तालिका १६: तीन बर्षको अनुमान र वास्तविक विवरण ३४
तालिका १७: तीन आर्थिक वर्षको लागि आय प्रक्षेपण ३५
तालिका १८: नगरपालिकाको आय संरचना ३९

चित्रहरू

चित्र नं. १: वित्तीय हस्तान्तरण प्रक्रिया ५
चित्र नं. २: राजस्व सुधार कार्ययोजनाको औचित्य ८
चित्र नं. ३: कार्ययोजना तर्जुमाका चरणहरु ९
चित्र नं. ४: पाँचखपन नगरपालिकाको संगठनात्मक स्वरुप २२
चित्र नं. ५: नगरपालिकाको आगामी तीन वर्षको आन्तरिक आय प्रक्षेपण ३९

बिषय-सूची

बिषय-सूची २

परिच्छेद १: परिचय ५

१.१ पृष्ठभूमि ५

१.२ राजस्व सुधार योजनाको औचित्य ६

१.३ योजनाले राखेका उद्देश्यहरु ८

१.४ योजना तर्जुमा विधि र प्रक्रिया ९

१.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन ११

१.४.२ नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण ११

१.४.३ तथ्याङ्क /सूचना सङ्कलन १२

१.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण १२

१.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण १२

१.५ योजनाका सीमाहरु १२

परिच्छेद २: नगरपालिकाको संक्षिप्त परिचय १४

२.१ संक्षिप्त परिचय १४

२.२ मानव संसाधनको अवस्था २०

२.३ भौतिक सम्पत्तिको अवस्था २२

परिच्छेद ३ : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता २४

१.१ नगरपालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानूनी व्यवस्था २४

१.२ आय परिचालनको अवस्था २५

१.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण २८

३.३.१ कर राजस्व २८

३.३.२ गैह्र कर राजस्व ३३

परिच्छेद ४ : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ३७

४.१ राजश्व परिचालन नीतिहरु ३७

४.२ आय संकलनको संस्थागत क्षमता (राजश्व शाखा तथा राजश्व प्रशासन) ३७

४.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण ३७

४.२.२ राजश्व परामर्श समिति ३७

४.२.३ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरू ३८

४.३ राजश्व प्रशासन तथा नीतिसम्बन्धी सवालहरु ३८

४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरु ३९

४.४.१ कानूनी तथा नीतिगत व्यवस्था ३९

४.४.२ उपयुक्त संगठन निर्माण ३९

४.४.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरुको प्राथमिकीकरण ३९

४.४.४ विभिन्न आयमूलक कार्यक्रम ३९

४.४.५ पारदर्शिता र जवाफदेहिता ३९

अनसूचीहरू

अनसूची १: सूचना सङ्कलन फाराम १

अनुसूची २: सूचना सङ्कलन फाराम २

अनुसूची ३: राजस्व सुधार कार्ययोजना तयारीका क्रममा लिएका तस्विरहरू र माइन्यूट


परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि

नेपालको मूल राज्य सञ्चालन संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले विद्यमान संवैधानिक व्यवस्था रहेको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उलेख्य अधिकार दिएको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा पर्ने सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई वृद्धि गर्न आय परिचालन क्षमतालाई वृद्धि गर्न आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । यसका अतिरिक्त प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकुल परिस्थितिलाई सामना गर्नसक्ने गरी उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुनु पर्दछ ।

स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने साधनको परिपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्व आवश्यकता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थापनका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर कर लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरिएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड बापत प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ ।

चित्र नं. १: वित्तीय हस्तान्तरण प्रक्रिया



स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस भएको छ । यसको मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक

नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना, आयको सम्भावना अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।
स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता बन्न पुगेको छ यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना खाँचो देखिन्छ ।

राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरुको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनाका लागि १ नं. प्रदेश अन्तरगत का ५५ स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी स्थानीय तहहरुको राजस्व सुधार गर्नका लागि अवलम्बन गर्नुपर्ने क्रियाकलापहरुको कार्ययोजना आवश्यक छ । सो कार्यका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले यस प्रदेश अन्तरगतका विभिन्न स्थानीय तहहरुको राजस्व सुधार कार्ययोजना तयार गर्नका लागि आवश्यक प्राविधिक सहयोग गर्ने कार्यक्रम रहेको छ । यस दस्ताबेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरुले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, नगरपालिकाको आन्तरिक आय सुधारका लागि सहभागितात्मक विधिबाट समस्या तथा अवसरहरुको पहिचान गरी मुख्य उपलब्धिका रुपमा नगरपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी नगरपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु रहेका छन् ।

१.२ राजस्व सुधार योजनाको औचित्य


सङ्घीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरु पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तिय हस्तान्तरणको अलावा आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट संविधानले प्रदान गरेको अधिकार अनुरुप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन् । जनताको बढ्दो माग बमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय सरकारहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी तिनको यथोचित कार्यान्वयन गर्न र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रुपमा आफ्नो नगरपालिकासँग प्रश्न सोध्ने हुनाले नगरपालिकाहरु पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा प्रवाहमा पनि सुधार हुन्छ र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ । आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरु पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढी भयो त्यति बढी मात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तह प्रदेश तहले जति बढी स्वायतता पूर्वक काम गर्न पाउँछन् त्यति नै सङ्घीयता सफल र सुदृढ हुँदै जान्छ ।

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिपेक्ष्यमा स्थानीय सरकारहरुले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन्छ । यसका लागि जन निर्वाचित पदाधिकारीहरु र राष्ट्रसेवक कर्माचारीहरुलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरु कुशलता साथ सम्पादन गरी नागरिकहरुलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुऱ्याउनु पहिलो र महत्वपूर्ण कार्य हो भने भर्खरै सम्पन्न भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मूल्याङ्कन गरी सुधारका क्षेत्रहरुको पहिचान गरी तदनुरुप आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै लैजानु आवश्यक छ । यसका साथै स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तीय रुपमा सवल र सक्षम बनाउन राजस्व परिचालन सम्बन्धी ज्ञान, शिप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ ।

पालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्र सबै उपलब्ध आन्तरिक आयका स्रोतहरुबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सुधार ल्याउन नगरपालिकाको बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान बमोजिम यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ । यस राजस्व सुधार कार्ययोजनाबाट नगरपालिकालाई आफ्नो आन्तरिक आय परिचालन सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा पाँचखपन नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यका लागि यो राजस्व सुधार कार्ययोजना निर्माण गर्न लागिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको शांरासलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. २: राजस्व सुधार कार्ययोजनाको औचित्य



१.३ योजनाले राखेका उद्देश्यहरु

पाँचखपन नगरपालिकाको आन्तरिक आयका सम्भावनाहरुको पहिचान तथा अधिकतम परिचालनका लागि देखिएका समस्याहरु न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुर्याउनु नै यस योजनाको मूलभूत उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित पालिकाको राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने।

१.४ योजना तर्जुमा विधि र प्रक्रिया

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अवलम्बन गरिएको छ। यसको मार्गदर्शकका रुपमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ लाई लिईएको छ । साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्याङ्क तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम कार्ययोजना तर्जुमाका चरणहरु यसप्रकार रहेका छन्।

चित्र नं. ३: कार्ययोजना तर्जुमाका चरणहरु

१. राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२. योजना तर्जुमा कार्यदल गठन
३. योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामाग्रीहरु सङ्कलन तथा अध्ययन
४. प्रारम्भिक कार्यशालाको आयोजना
५. सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण
६. राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७. योजनाको मस्यौदा तयारी
८. राजस्व सम्भावना विश्लेषण तथा राजस्व प्रक्षेपण
९. मस्यौदा प्रतिवेदन नगरपलिकामा प्रस्तुति र सुझाव सङ्कलन
१०. मस्यौदा पुनरावलोकन र अन्तिम मस्यौदा तयारी
११. गाउँ कार्यपालिकामा छलफल र स्वीकृति

पालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम सम्बन्धमा पाँचखपन नगरपालिका, पाँचखपन, संखुवासभा, प्रदेश नं. १ र यस सिभिल ओएसिस ईन्जिनियरिङ प्रा. लि. बीच सम्झौता भएपछि विभिन्न समयमा भएका छलफलहरुबाट पालिकाबाट आवश्यक सन्दर्भ सामग्री सङ्कलन गरी अध्ययन टोलीलाई प्राप्त भएको हो। राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्न विधि र प्रकृया अवलम्वन गरिनेछ। मुलत: राजस्व सुधार कार्ययोजना तर्जुमा Coaching & Mentoring (स्थलगत रुपमा सँगसँगै काम गर्दै सिकाउँदै जाने) विधिमा आधारित हुनेछ।

- पाँचखपन नगरपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग पाँचखपन नगरपालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडी बढाईएको छ।
- पाँचखपन नगरपालिकाबाट राजस्व कार्ययोजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र फलोअप हुनेछ भने प्रदेश प्रशिक्षण केन्द्रबाट अनुगमन हुन सक्नेछ। सो कार्यका लागि सेवा प्रदायक संस्थाले यो कार्य गर्नका लागि विस्तृत कार्ययोजना समेत पेश गरेको छ। परामर्शदाताले प्रदेश सुशासन केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्माचारीहरुसँग निरन्तर समन्वयमा कार्य गर्नेछ।
- राजस्व सुधार कार्ययोजना निर्माण प्रकृयालाई सहभागितामूलक विधिबाट सञ्चालन गरेको छ। साथै यस विषयमा पाँचखपन नगरपालिकाका कर्मचारीहरुको पनि क्षमता अभिवृद्धि गर्नु पर्नेछ। यस सन्दर्भमा पाँचखपन नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा अन्य जनप्रतिनिधि, कर्माचारी एवम् सरोकारवालाहरुको सहभागिता र समूह छलफलबाट राजस्व सुधार सम्बन्धी आवश्यकताहरु पहिचान गरेको छ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको नगरपलिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ मा उल्लेखित सम्बन्धित फारामहरु विधि तथा प्रकृयाहरु प्रयोग गरी (छलफल तथा कार्यशाला) मार्फत राजस्व सुधार कार्ययोजना निर्माण गरिनेछ।
- यस प्रकृयाबाट पहिचान गरिएका आवश्यकताहरुलाई एकिकृत गरी पाँचखपन नगरपालिकाको ३ वर्षे राजस्व सुधार कार्ययोजना तयार गरिनेछ र अन्तिम दस्तावेज तयार गरी पाँचखपन नगरपालिकालाई प्रस्तुतिकरण गरी आवश्यक सुझावहरुलाई सङ्कलन गरी दस्तावेजलाई अन्तिम रुप दिनेछ।
- राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज (विद्युतिय तथा भौतिक प्रति) पाँचखपन नगरपालिका र प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी, झापामा बुझाउने छ।
- प्रदेश प्रशिक्षण केन्द्रबाट कार्यक्रमको अन्तिम भुक्तानी लिनका लागि प्रदेशमा गठन मूल्याङ्कन समितिको अन्तिम मूल्याङ्कन पश्चात खर्चसँग सम्बन्धित आवश्यक विल, भरपाई सहित कार्यक्रमको अन्तिम प्रतिवेदन बुझाउने छ।

१. कार्ययोजना निर्माणका चरणहरु

परामर्शदाताले सहभागितामूलक विधि र प्रकृया प्रयोग गरी राजस्व सुधार कार्ययोजना तयार गर्नेछ। अध्ययनको सन्दर्भमा प्राप्त जानकरी र तथ्याङ्कहरुको परिणात्मक र गुणात्मक विश्लेषण गर्न मिश्रित विधिहरुको प्रयोग गर्नेछ। राजस्व सुधार कार्ययोजना तयार गर्ने क्रममा निम्न चरणहरु अपनाउने छ।

पहिलो: सन्दर्भ सामग्रीको अध्ययन
दोस्रो: अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला
तेस्रो: तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण
चौथो: राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण
पाचौं: मस्यौदा प्रतिवेदन तयारी
छैठौं: मस्यौदा प्रतिवेदन माथि छलफल, सुझाव सङ्कलन
सातौं: अन्तिम मस्यौदा तयारी, कार्यपालिका बैठकमा छलफल
आठौं: सहजीकरण तथा समन्वय समितिमा अन्तिम सुझाव र कमेन्टका लागि पठाउने, प्राप्त सुझाव समावेश गर्ने र कार्यपालिकाबाट स्वीकृत गर्ने।

१.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विज्ञ समूहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरुको सङ्कलन तथा पुनरावलोकन गरिएको छ । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामाग्रीहरु देहाय अनुसार रहेका छन् :

- गाउँपलिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६
- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- पाँचखपन नगरपालिकाको नगर वस्तु विवरण (पार्श्वचित्र), २०७५
- पाँचखपन नगरपालिकाको आय/व्यय विवरण (आ.व. २०७५/७६-२०७७/७८)
- पाँचखपन नगरपालिकाको नवौं नगरसभाबाट स्वीकृत भएको आ.व. २०७८/७९ का लागि निर्धारण गरिएको विभिन्न करहरुको दर रेट (आर्थिक ऐन २०७८)
- पाँचखपन नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको कानुन-२०७५
- आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८)
- प्रदेश नं. १ को आर्थिक ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्या, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६

१.४.२ नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण

नगरपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत, लेखापाल लगायतसँग प्रत्यक्ष छलफल गरी नगरपालिकाकले हालसम्म परिचालन गरि आएका करका आधारहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको वर्तमान संरचना, यसमा सुधार गर्न सकिने क्षेत्र, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरु र हाल तयार गर्न लागेको राजस्व सुधार कार्ययोजना तर्जुमा र यसको प्रक्रियाबारे जानकारी गराई नगरपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको हो ।

राजस्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गरी आवश्यक सूचना सङ्कलन फाराम अनुसार सम्बन्धित सूचना, सामाग्रीहरु आदिका आधारमा पाँचखपन नगरपालिकाको राजस्वको अवस्था बारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको हो । आवश्यक सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरुको टोलीबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास गरि सो फारामलाई अन्तिम रुप दिन यस कार्यमा सङ्लग्न विज्ञहरुबीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना सङ्कलनका लागि तयार गरिएको फारमहरु निम्नानुसार रहेका छन् ।

- नगरपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरुसँगको परामर्शका लागि तयार गरिएको सूचना सङ्कलन चेकलिष्ट अनुसुची १ मा रहेको छ । यस सूचीमा मुख्यत: नगरपालिकको संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक वर्षको राजस्व परिचालनको स्थिति बारे जानकारी लिने उद्देश्यले यो फारमको प्रयोग गरिएको छ ।

- राजस्वका शिर्षकगत समूह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारम अनुसूची २ मा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार कर र गैरकरहरुको शिर्षकगत रुपमा वर्तमान समस्याहरु, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको हो ।

१.४.३ तथ्याङ्क/सूचना सङ्कलन

पाँचखपन नगरपालिकाको सङ्कलित विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा नगरपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरु विश्लेषण गरिएको हो । जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकरी भयो । यी विषयमा थप प्रष्टताका लागि नगरपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखापालसँग भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, नगरपालिकाले भोगिरहेका चुनौतीहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो । त्यसपछि सबै प्राप्त सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थित बारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने विषयहरु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा लेखापालसँग टेलिफोन छलफल गरि स्पष्ट गरी सोही आधारमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयार गरिने छ ।

१.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन, नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण र तथ्याङ्क/सूचना सङ्कलन लगायतका क्रियाकलापहरु तथा प्राप्त सुचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कुल सम्भाव्यता र स्रोतबाट प्राप्त हुन सक्ने राजस्वलाई आगामी तीन वार्षिक वर्षका लागि प्रक्षेपण गरिने छ । साथै पाँचखपन नगरपालिकामा मस्यौदा प्रतिवेदनको प्रस्तुतिकरण गरी प्राप्त सुझावहरु सङ्लग्न गरी अन्तिम प्रतिवेदन तयार गरिने छ ।

१.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

राजस्व सुधार कार्ययोजनालाई नगरपालिकाले आवश्यक छलफल तथा स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समिक्षा र आवश्यकता अनुसार सुधारका लागि छलफल गर्न नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव गरिने छ । राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्बन्धमा पाँचखपन नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरुलाई प्रशिक्षण गर्ने कार्य सम्पन्न गरिने छ ।

१.५ योजनाका सीमाहरु

पाँचखपन नगरपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिने छ ।

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित हुनेछ ।
- नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, अन्तरवार्ता, नगरपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्माचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिने छ । यसका अलावा प्रदेश सुशासन केन्द्र तथा पालिकामा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरी प्राप्त सुझावहरु सङ्लग्न गरिने छ ।


- नगरपालिकाको जनसङ्ख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व सङ्कलनमा असर गर्ने भएतापनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोल खण्डमा आय प्रक्षेपणमा आधार लिन कठिनाई हुन सक्छ।
- नगरपालिकाको अभिलेख व्यवस्थित भइ नसकेको खण्डमा ऐतिहासिक प्रवृति देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरुको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न अलि असहज हुने देखिन्छ।

परिच्छेद २. नगरपालिकाको संक्षिप्त परिचय

२.१ संक्षिप्त परिचय

पाँचखपन नगरपालिका नेपालको पुरानो प्रशासनिक विभाजनअनुसार पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चललको संखुवासभा जिल्लामा पर्दछ र हाल १ नं प्रदेश मा पर्दछ। नगरपालिकाको राजस्व सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि नगरपालिकाको वस्तुस्थिति, आर्थिक गतिविधि, मानवीय संसाधान तथा भौतिक स्रोत साधन लगायतको महत्वपूर्ण भूमिका रहन्छ। यस परिच्छेदमा नगरपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ।

२.१.१ अवस्थिति



पाँचखपन नगरपालिका भौगोलिक हिसाबले यस नगरपालिका कोशी अञ्चल, संखुवासभा जिल्लाको मध्य भागमा ८७° १२' १२" देखि ८७° २६' ४५" पूर्वी देशान्तर र २७° १७' ३७.४" देखि २७° २४' ३८" उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ।
१४८.०३ वर्ग कि.मि. क्षेत्रफल रहेको यस पाँचखपन नगरपालिकाको उत्तरमा सभापोखरी गाउँपालिका पश्चिमतिर खाँदबारी नगरपालिका, दक्षिणमा पाँचखपन नगरपालिका र पूर्वमा पाँचखपन नगरपालिका र सभापोखरी गाउँपालिका रहेका छन्। नेपाल सरकारको निर्णयअनुसार २०७३/११/२० मा साविकका स्याबुन, वाना र जलजला गा.वि.स.हरू समेटेर पाँचखपन नगरपालिका घोषणा गरिएको थियो।

राजनैतिक तथा प्रशासनिक केन्द्र

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका स्याबुन, वाना र जलजला गा.वि.स.हरुलाई समावेश गरि पाँचखपन नगरपालिका घोषणा गरीएको हो । यस नगरपालिकामा हाल ९ वडा कायम गरिएको छ। हाल पाँचखपन नगरपालिकाको संरचना यस प्रकार रहेको छ।

तालिका नं. १: वडा विभाजन तथा भौगोलिक अवस्था सम्बन्धी विवरण

वडा नं.	समावेश गाविस	साविकका वडाहरू	क्षेत्रफल (वर्ग कि.मि.)	प्रतिशत
१	स्याबुन	४–७	२१.३	१४.३९
२	स्याबुन	८,९	१४.८	१०.००
३	स्याबुन	१–३	१७.५९	११.८८
४	वाना	७–९	२२.३६	१५.१०
५	वाना	४–६	१६.५	११.१५
६	वाना	१–३	१०.१३	६.८४
७	जलजला	७–९	८.८७	५.९९
८	जलजला	४–६	११.८२	७.९८
९	जलजला	१–३	२५.३९	१७.१५
जम्मा			१४८.०३	१००

पाँचखपन नगरपालिकाको घरपरिवार सर्वेक्षण, २०७५

यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी तामाङ जाति ३,३८८ जना (१९.३४%), दोस्रोमा क्षेत्री ३,२५७ जना (१८.५९ प्रतिशत) र तेस्रोमा नेवार १,६७० (९.५३प्रतिशत) हरूको बसोबास रहेको छ ।

केही भाग ऐतिहासिक तथा बजार क्षेत्रको रूपमा रहेको नगरपालिकामा साना व्यापार, तथा साना उद्योगहरु प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीकोवैकल्पिकश्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागिरहेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, ल्होसार, उधाली, उभौली, देवाली, ठूलो एकादशी, मकर संक्रान्तीं, तीज, होली, महाशिवरात्री, चैते दशै, रामनवमी, कृष्णजन्माष्टमी, बुद्धजयन्ती आदि प्रमुख चाडपर्व मनाईन्छ ।

पाँचखपन नगरपालिकामा इलाका प्रहरी कार्यालय, कृषि सेवा केन्द्र, पशु स्वास्थ्य केन्द्र, इलाका हुलाक कार्यालय, नेपाल टेलिकम, नेपाल विधुत प्राधिकरण, आदि सरकारी कार्यालयहरु छन् । त्यसैगरी १

सामुदायिक स्वास्थ्य इकाइ, ३ प्राथमिक स्वास्थ्य चौकी, १ स्वास्थ्य केन्द्र, नेपाल बैंक लिमिटेड, ९ सहकारी संस्था, ५ वहरुसमेत बाट सेवा प्रदान गरिरहेका छन् संचालनमा रहेका छन् ।

पालिकामा उत्पादित खेतीहरूमा धान, मकै, कोदो, गहुँ जस्ता अन्नबाली, अलैंची, उखु, बदाम, कफी, चिया, अदुवा, खुर्सानी, अमिसो, सुन्तला, आलु, बोडी, मास, मस्याम, आँप, रुद्राक्ष (दाना) जस्ता नगदेवाली तथा तरकारी वालीहरु पर्दछन् । त्यसैगरी गाई, भैसी, वंगुर, बाख्रा, खसी, भेडा, कुखुरा जस्ता पशुपंक्षीहरु पालिन्छन् । यहाँको खेति तथा पशुपंक्षी पाल्ने तरिका परम्परागत ढंगबाटै गरिन्छ भने रुद्राक्ष र अलैची यस क्षेत्रको महत्वपुर्ण नगदे बालीको रुपमा रहेको छ ।

पालिकामा बग्ने खोलाहरूमा सिस्नेखोला चिसापानी, अंलैची खोला, आईतबारे खोल्सी, नागखोला, संपटि खोला, अधेरी खोल्सी, धोविखोला,जुडी खोल्सी, ठुलोखोल्सा, धोविने खोल्सी, ओडारे खोल्सी, सातबोटे खोला, भोक्सेखोला, कुविण्डेखोला भ-यापे खोल्सी, खानीखोला, डुडेखोल्सी लगायतका खोलानाला छन् । यि साना खोलाहरूबाट ५५.६७ प्रतिशत खेती सिंचाइ गरिन्छ ।

२.१.२ भू-बनोट र प्राकृतिक स्रोतहरु

पाँचखपन नगरपालिका रहेको समग्र संखुवासभा जिल्लाको अवस्था हेर्दा नगरपालिकाको कुल क्षेत्रफल १४८.०३ वर्ग कि.मि. को ४८.५९ वर्ग कि.मि. (३८.९० प्रतिशत) खेतियोग्य जमिनले ओगटेको छ । त्यस्तै ९०.८७ वर्ग कि.मि. (४८.९० प्रतिशत) जमिन वनजंगलले ओगटेको छ भने २.०३ वर्ग कि.मि. (३ प्रतिशत) पानी तथा बालुवाले ओगटेको र बाँकी ५.५७ वर्ग कि. मि. जमिन बस्ति तथा अन्यले ओगटेको छ ।

नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा कोदो, मकै, गुहुँ, धान, आलु, फापर, मास आदि, नगदेबालीमा अम्रिसो, अदुवा, तोरी का साथै हरियो तरकारी र फलफुल पर्दछन् । यो नगरपालिका समुद्री सतहबाट ६०० मिटर उचाइदेखि ३०२८ मिटर सम्म उचाइमा फैलिएर रहेको छ ।

यो नगरपालिकाको दक्षिणका केहि भागमा चुरे क्षेत्र, पश्चिम तथा उत्तरमा महाभारत क्षेत्र पर्दछ भने उत्तरी भू-भाग लेकाली क्षेत्र पर्दछ । भौगोलिक असमानता भएकोले नेपालको विभिन्न ठाउँहरूमा भिन्न भिन्न हावा पानी रहेको छ त्यस्तै संखुवासभा जिल्लामा अवस्थित पाँचखपन नगरपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभावले साथै उचाइपनि धेरै भएको कारण ज्यादा जाडो हुने र दक्षिणी भाग चुरेसँग जोडिएको र बेशी भाग भएकोले चैत्रदेखि जेठसम्म गर्मी हुन्छ । यहाँ लेकाली, समशितोष्ण र अर्ध-उष्ण हावापानी पाइन्छ । यो हावापानी स्वास्थ्यका दृष्टीकोणले उपयुक्त हावापानी हो ।

२.१.३ जनसङ्ख्या

पाँचखपन नगरपालिकाको घरपरिवार सर्वेक्षण, २०७५ अनुसार यस नगरपालिकामा कुल घरधुरी ३,६३४, महिला ९,३७८ (५३.५२ प्रतिशत) र पुरुष ८,१४३ (४६.४८ प्रतिशत) गरी कुल जनसङ्ख्या

१७,५२१ रहेको छ । नगरपालिकाको औषत परिवार सङ्ख्या ४.८२, लैङ्गिक अनुपात ८७/१०० तथा जनघनत्व ११८.० प्रति वर्ग कि.मी. रहेको छ ।

तालिका नं. २: पाँचखपन नगरपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण

वडा नं.	घरधुरी	जनसङ्ख्या			औषत परिवार	लैङ्गिक अनुपात
		महिला	पुरुष	जम्मा		
१	४४१	११७०	९८२	२,१५२	४.८८	८४:१००
२	३६७	९८३	७८८	१,७७१	४.८३	८०:१००
३	४६८	१२०९	११३२	२,३४१	५.००	९४:१००
४	४७९	११४०	१०१९	२,१५९	४.५१	८९:१००
५	३२८	८००	६५०	१,४५०	४.४२	८१:१००
६	३७६	९०२	८६२	१,७६४	४.६९	९६:१००
७	४०२	१०९२	८९१	१,९८३	४.९३	८२:१००
८	४०६	१०८९	९८०	२,०६९	५.१०	९०:१००
९	३६७	९९३	८३९	१,८३२	४.९९	८४:१००
जम्मा	३,६३४	९३७८	८१४३	१७५२१	४.८२	८७:१००

स्रोत: पाँचखपन नगरपालिकाको नगर वस्तु विवरण (पार्श्वचित्र), २०७५

मूल रूपमा जनजातिको बाहुल्य रहेको यस नगरपिलकामा जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी तामाङ ३,३८८ जना (१९.३४%), दोस्रोमा क्षेत्री ३,२५७ (१८.५९%) र तेस्रोमा नेवार १,६७० (९.५३ %), लिम्बु १,४७७ (८.४३ %), कामी १३४७ (७.६९ %), याक्खा १,२८७ (७.३५ %), राई १,२०२ (६.८६ प्रतिशत), ब्राम्हण (पहाडी) ९३२ (५.३२ %) रहेका छन् । त्यसैगरी अन्य जातजातिमा मगर, सन्यासी, दमाई, शेर्पा, गुरुङ, याक्खा, राई, दमाई, सार्की, आदि विभिन्न जातिका मानिसहरुको वसोवास रहेको छ । यहाँका मानिसहरू हिन्दु, बौद्ध, किराँत, क्रिश्चियन आदि धर्म मान्छन् । यस पाँचखपन नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ(आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने(माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी/हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन ९जनैपूर्णिमा०, कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन् ।

२.१.४ भू-उपयोग

यस नगरपालिकामा ६५ प्रतिशत खेतियोग्य जमिन रहेको यस क्षेत्रमा धान, मकै, कोदो, गहुँ, खाधान्नवाली र अलैची, उखु, बदाम, कफी, चिया, अदुवा, खुर्सानी, अमृसो, सुन्तला, आलु, बोडी, मास, मस्याम, आँप, रुद्राक्ष (दाना) जस्ता नगदेवाली तथा तरकारी वालीहरु उत्पादन हुन्छन् । त्यसैगरी गाई, भैसी, बंगुर, बाख्रा, खसी, भेडा, कुखुरा जस्ता पशुपंक्षीहरु पालिन्छन् । यहाँको खेति तथा पशुपंक्षी पाल्ने तरिका परम्परागत ढंगबाटै गरिन्छ भने रुद्राक्ष र अलैची यस क्षेत्रको महत्वपुर्ण नगदे बालीको रुपमा रहेको छ । पिलुवाखोला, हेवाखोला, कुसुवाखोला, खहरे, डुम्रे, सभाखोला रहेका छन् । पिलुवाखोलामा जलविद्युत उत्पादन भएको र कतिपय स्थानमा उत्पादनको चरणमा रहेको छ ।

यस नगरपालिकाको भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलनजस्ता तत्वका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ तसर्थ यस क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउने उपाय सहित भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

२.१.५ साँस्कृतिक अवस्था

पाँचखपन नगरपालिकामा हिन्दु सँस्कृतिलाई आफ्नो साँस्कृतिक पहिचानको रुपमा लिएको छ भने मौलिक सँस्कृति र परम्परागत चलनहरु नै यस क्षेत्रको विशेषता रहेको छ । यस नगरपालिकामा क्षेत्री, ब्राम्हण, राई, मगर, दलित, आदि जातिको मिश्रित बसोबास रहेको छ । मुख्य बोलीचालिको भाषा नेपाली भएता पनि सबै समुदायको आ-आफ्नै खालका भाषाहरु प्रचलनमा रहेका छन् । धार्मिक रुपमा हिन्दु धर्मालम्बीहरुको उच्च बाहुल्यता रहेको यस क्षेत्रमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, दशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं, आदि मनाईने गरेको छ । धार्मिक तथा भाषिक रुपमा करिब एकरुपता रहेको यस नगरपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न साँस्कृतिक क्रियाकलापहरुले यस क्षेत्रको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ । यहाँ बौद्ध धर्मावलम्बीहरूले सोनाम ल्होछार, लिम्बू जातिले परम्परागत धान नाँच, किरात राई, लिम्बू, याक्खा र सुनुवार समुदायले साकेला नाँच साथै उधौली-उभौली पर्व धुमधामका साथ मनाइन्छ । यस क्षेत्रमा पुरुषहरुले मुख्य रुपमा दौरा सुरुवाल, टोपी र कोट तथा महिलाहरुले गुन्यु चोली, बुलाकी र पटुकी लगाउने गर्दछन् ।

२.१.६ आर्थिक अवस्था

पाँचखपन नगरपालिकाको नगर वस्तुस्थिति विवरण (पार्श्वचित्र), २०७५ अनुसार १५ देखि ५९ वर्ष उमेर समूहका आर्थिक रुपले सक्रिय जनसङ्ख्या ९३४८ (५३.३८ प्रतिशत) रहेको छ । नगरपालिकामा रहेका

१५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा सक्रिय पुरुषको संख्या ४,१५४ (४४.४४ प्रतिशत), सक्रिय महिलाको संख्या ५,१९४ (५५.५६ प्रतिशत) देखिन्छ। आर्थिक रूपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता ११.१२ प्रतिशत देखिन्छ भने नगरपालिकाको कुल जनसंख्याको ५३.३५ प्रतिशत जनसंख्या आर्थिकरूपले सक्रिय छन् । त्यसैगरी कुल जनसंख्यामध्ये जम्मा ८,१७३ (४६.६५ प्रतिशत) आर्थिक रूपमा निस्कृय जनसंख्या / आश्रित जनसंख्या छन्।

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, कुखुरापालन, बाख्रापालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाको सबै वडाहरूमा क्रमिक रुपमा सडक सञ्जालको विस्तार भैरहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ। कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक कृयाकलापहरु हुन्। यस नगरपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार समेत रहेको देखिन्छ।

यस नगरपालिकामा आ.व. २०७२/०७३ मा ४१७ वटा कृषक समूहहरू रहेका छन्। जसमध्ये महिला कृषक समूहहरू ४० र पुरुष कृषक समूहरूको संख्या ३५ रहेका छन्। लैंगिक हिसाबले महिला कृषि समूहको संख्या ५ ले बढी देखिन्छ भने नगरपालिकामा मिश्रीत कृषक समूहहरूको संख्या ३४२ देखिन्छन्।

२.१.७ सामाजिक अवस्था

पाँचखपन नगरपालिकाको नगरवस्तु विवरण (पार्श्वचित्र), २०७५ अनुसार पाँचखपन नगरपालिकामा ४२ वटा सामुदायिक विद्यालय, १ निजी विद्यालय छन्। जसमा प्राथमिक विद्यालय २३, आधारभूत विद्यालय ११ र माध्यमिक विद्यालयमा ८ जसमा उच्च मा.वि. २ वटा रहेका छन्। त्यसैगरी शैक्षिक जनशक्ति हेर्दा स्कूल नगएको ३.१९ प्रतिशत, प्राथमिकस्तर ५०.३१ प्रतिशत, नि.मा.वि.स्तर २०.९९ प्रतिशत, मा.वि.स्तर ८.८३ प्रतिशत, एस्.एल.सी.सरह ६.९९ प्रतिशत, आई.ए.सरह २०२ प्रतिशत, बि.ए. ०.८४ प्रतिशत, एम.ए.सरह ०.१६ प्रतिशत, अन्य ०.०३ प्रतिशत, अनौपचारिक शिक्षा हाँसिल गरेका ६.१३ प्रतिशत र उल्लेख नभएका ०.३४ प्रतिशत छ।

नगरपालिकाको जम्मा ५ वटा स्वास्थ्य संस्था संचालनमा रहेका छन्। त्यसैगरी ७ वटा गाउँघर क्लिनिक, १३ वटा खोप क्लिनिक र २२ महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छन्। यस नगरपालिकामा व्यवस्थित खानेपानी प्रयोग गर्ने घरधुरी ३४३७ (९४.५८ प्रतिशत) रहेको छ । पाँचखपन नगरपालिकाको खानेपानीको प्रमुख स्रोत धारा भएकोले नगरका परिवारहरूले सबैभन्दा बढी २,०३३ (५५.९४ प्रतिशत) धारा पाईपको प्रयोग गरेको पाइएको छ। त्यसैगरी नगरपालिकामा मूल धाराको प्रयोग गर्ने घरधुरी संख्या ७८२ (२१.५२ प्रतिशत), खुला ईनार/कुवाको प्रयोग गर्ने घरधुरी संख्या ५६७ (१५.६० प्रतिशत), नदी तथा खोलाको प्रयोग गर्ने घरधुरी संख्या १२९ (३.५५ प्रतिशत) रहेको छ त्यस्तै सबैभन्दा कम ढाकिएको

ईनार/कुवाको प्रगोग गर्ने ११३ (३.११ प्रतिशत) रहेको पाईयो । नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। सरसपफाइको क्षेत्रमा पाँचखपन नगरपालिकामा अधिकांस घरपरिवारमा शौचालय छ तर २९.२२ प्रतिशत घरमा हालसम्म पक्की शौचालय छैन ।

२.१.८ भौतिक अवस्था

पाँचखपन नगरपालिकामा खाना पकाउनको लागि मुख्य इन्धनको रुपमा अधिकांश घरधुरी (९९.१२ प्रतिशत) ले दाउरा उपयोग गर्ने गरेका छन् । त्यसै गरी मट्टितेल प्रयोग ०.५ प्रतिशत, एल.पी. ग्यास प्रयोग गर्ने ०.०६ प्रतिशत, गोबर ग्यास ०.०८ प्रतिशत र अन्य इन्धन ०.२५ प्रतिशत रहेको छ । यस नगरपालिकामा नविकरणीय उर्जामा गुइठाको प्रयोगको अवस्था यस नगरपालिकामा शून्य रहेको देखिन्छ । नगरपालिका क्षेत्रमा बत्तीको लागि उपयोग गरिने इन्धनको रुपमा विजुली ४६.७६ प्रतिशत, मट्टितेल २५.३३, सोलार १६.२६ प्रतिशत र वायो गयाँस लगायत अन्य प्रयेग गर्ने घरपरीवार १.६८ प्रतिशत रहेका छन् ।

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाको धेरै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोवाइल, आदि सेवा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुर्‍याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुर्‍याउनु पर्ने देखिन्छ। नगरपालिकामा सञ्चारको मुख्य स्रोत मोबाईल टेलिफोन (६०.८ प्रतिशत), टेलिभिजन (१५.८२ प्रतिशत), मोटरसाईकल (२.०६ प्रतिशत), रेडियो (४.२० प्रतिशत), कम्प्युटर (१.०३ प्रतिशत), रेफ्रिजरेटर (०.१ प्रतिशत) लगायतका सुविधा उपलब्ध छ ।

२.२ मानव संसाधनको अवस्था

नवगठित नगरपालिकाको पहिलो निर्वाचन सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत नगरपालिकाको कार्य सञ्चालन भईरहेको छ । यस नगरपालिकामा रहेका ९ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ४९ जना सातैं नगरसभा सदस्यहरु रहेका छन् ।

त्यसैगरी नगर कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि नगरपालिकाले तय गरेको नगर सभा, नगर कार्यपालिका, विषयगत समिति र शाखा, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकृत, लेखापाल, ईन्जिनियर, सब-ईन्जिनियर, सब ओभरसियर, कम्प्युटर तथा कार्यालय सहयोगी र वडा कार्यालयहरुमा वडा सचिव तथा सामाजिक परिचालक रहने व्यवस्था गरिएको देखिन्छ । विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत रहेको पाँचखपन नगरपालिकाको वेवसाइट अनुसार यस नगरपालिकामा कार्यरत कर्मचारी सम्बन्धी विवरण तलको तालिकामा देखाइको छ ।


तालिका नं. ३: नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण

क्र.सं.	पद	सङ्ख्या	कैफियत

१	प्रमुख प्रशासकीय अधिकृत	१	प्रशासन
२	सूचना प्रबिधि अधिकृत	१	
३	सि. अ.हे.व	२	
४	वडा सचिब	८	
५	लेखापाल	१	
६	सव इन्जिनियर	१	
७	अ.सब.ईन्जिनियर	१	
८	कार्यालय साहायक	१	
९	सामाजिक परिचालक	१	
१०	कार्यालय सहयोगी	४	
११	पु.स.अ.	४	
	जम्मा	२५	

यस पालिकाको सेवाप्रदायकका लागि ९ वटा वडा कार्यालयहरु (एउटा बन्दै), १ वटा नगरपालिका भवन, ५ वटा स्वास्थ्य केन्द्र, १ वटा बैंक, कृषि सेवा केन्द्र, १ ईलाका हुलाक, २ अतिरिक्त हुलाक, पशु सेवा केन्द्र, सरकारी कार्यालयहरुले सेवा प्रवाह गरिरहेका छन् । त्यसै गरी ईलाका वन कार्यालय, प्रहरी चौकी, १५ सामुदायिक संस्था, १४ सामुदायिक वन, ८ कृषिफम, ५ भेटरिनरी, ९ सहकारी, ४३ विद्यालय, क्लब, र १० खेलमैदान रहेको छ । नगरपालिकामा छुट्टै राजस्व शाखा नभएको हुँनाले व्यवस्था गरिनु पर्ने देखिन्छ । पाँचखपन नगरपालिकाको संगठनात्मक तथा मानव संशाधन तालिका यस प्रकार रहेको छ:

चित्र नं. ४: पाँचखपन नगरपालिकाको संगठनात्मक स्वरुप



२.३ भौतिक सम्पत्तिको अवस्था

नगर कार्यपालिकाको कार्यालय हाल वडा नं. ६ अवस्थित, पाँचखपनमा रहेको छ। नगरपालिकामा ९ वटा वडा रहेका छन्। नगरपालिकामा अचल सम्पत्तिका रुपमा भवन, जमिन, मोटर साईकल र मेशिनहरु रहेका छन्। पाँचखपन नगरपालिकाको ४ ठाउँमा जमिन, ५ वटा भवन रहेको छ भने आफ्नो स्वामित्वमा रहेको जमिन करिब १५-०-०-० तथा १९ वटा मोटरसाईकल, १ जिप, १ जे सी भी रहेको छ। नगरपलिकामा सिसिटिभि क्यामरा जडान गरिएको छ। नगर कार्यपालिकाको प्रशासकीय भवन तयार भइ सञ्चालित भएको छ। नगरपालिका कार्यालयमा टेलिफोन तथा ईमेल ईन्टरनेटको सुविधा रहेको छ भने सबै वडा कार्यालयमा यी सुविधाहरु उपलब्ध भैसकेको छ। अति आवश्यक फर्निचर तथा औजार उपकरणहरु (कम्प्युटर, प्रिन्टर) भने उपलब्ध रहेको छ। राजस्व सङ्कलनको लागि हालै मात्र कम्प्युटर विलिङ शुरु गरिएको छ। नगरपालिकाले आफ्नो स्वामित्वमा तथा हकभोगमा रहेका जग्गा तथा भवनहरुको अभिलेख नियमित अद्यावधिक गर्न जरुरी देखिन्छ। यसरी नगरपालिकाले आफ्नो स्वामित्व तथा हकभोगमा रहेका सम्पत्तिको उपयोग गरी नियमित आयआर्जन गर्नका लागि आवश्यक लगानी तथा निर्णय गर्न आवश्यक देखिन्छ।

परिच्छेद ३ : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय सरकार सञ्चालन ऐन २०७४तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई प्राप्त राजश्वसम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानूनी व्यवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगतरुपमा विश्लेषण गरिएको छ ।

१.१ नगरपालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानूनी व्यवस्था

नेपालको संविधान २०७२ ले नगरपालिकालगायतका स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ । संघीय कानुन **(स्थानीय सरकार संचालन ऐन, २०७४)** अनुसार स्थानीय तहलाई प्राप्त राजश्व अधिकारकाक्षेत्रहरु यसप्रकार छन् ।

तालिका नं. ४: स्थानीय सरकार संचालन ऐन २०७४ अनुसारको राजस्व अधिकार

राजश्वका शीर्षक	कानूनी प्रावधान
कर	▪ एकिकृत सम्पत्ति कर वा घर जग्गा कर ▪ भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र ▪ घर जग्गा बहाल कर ▪ व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ▪ सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) ▪ जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वांख, छालाको व्यवसायिक उपयोग गरे बापत
शुल्क	▪ बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ▪ पार्किङ्ग शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।
सेवा शुल्क	▪ आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्यारग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ▪ आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा : - खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि ▪ अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ▪ सिफारिस सम्बन्धी कुनै सेवा शुल्क
दस्तुर	▪ दर्ता, अनुमति तथा नवीकरण दस्तुर: - एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग ▪ नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर) ▪ पंजिकरण व्यवस्थापन दस्तुर ▪ वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत ▪ जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर

Pathway Engineering Consultancy PVT.LTD.(PEC) Suryabinayak-3,Bhaktapur 2076 IC

राजश्वका शीर्षक	कानूनी प्रावधान
वस्तु तथा सेवा विक्री	▪ ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर
सामुदायिक वनबाट आय प्राप्त गर्ने	▪ वन पैदावारको विक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने (*केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा भएको व्यवस्था अनुसार*)
संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने	▪ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ▪ खनिज पदार्थको उत्खनन रोयल्टी ▪ सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ▪ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी ▪ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ▪ खनिज पदार्थको उत्खनन रोयल्टी ▪ सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ▪ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी ▪ खानेपानी महसुल ▪ स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ▪ स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन ▪ जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ▪ स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ▪ इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ▪ स्थानीय तहका पत्रपत्रिकाको दर्ता
स्थानीय तहमा संकलन भई बाँडफाँड हुने	▪ विज्ञापन कर: स्थानीय तहले दर निर्धारण र संकलन गर्ने ▪ मनोरञ्जन कर: स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने) ▪ घर जग्गा रजिष्ट्रेशन शुल्क : स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने) ▪ उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने ▪ ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने ।
प्रदेश तहबाट संकलन भई बाँडफाँड हुने	▪ सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने ▪ पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने ▪ (पर्वतारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने)

१.२ आय परिचालनको अवस्था

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकालाई प्राप्त राजश्व अधिकारका शीर्षकहरूको परिचालन कसरी भैरहेको छ भन्ने जान्नु उपयुक्त हुन्छ । नगरपालिकाले उपरोक्त राजश्व शीर्षकहरू मध्ये हाल असुली गरिरहेको, संकलनकालागि आवश्यक नीतिगत निर्णय मात्र गरेको र सम्भावना भएका त्यस्ता क्षेत्रहरुको यथार्थ अवस्थाको बारेमा सम्बन्धित शाखागत छलफलबाट प्राप्त नगरपालिकाको आय परिचालनको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ५: नगरपालिकाको आय परिचालनको अवस्था

क्र. सं	आयका प्रकार	सम्भावनाको विवरण	दर निर्धारणको अवस्था	संकलन भएको/नभएको
क.	**कर राजश्व तर्फ**			
१	सम्पत्तिमा आधारीत कर एकिकृत सम्पत्ति कर	भएको	अनुसूची १, भएको	नभएको २०७८
२	सम्पत्तिमा आधारित कर – घर जग्गा तथा मालपोत वा भूमिकर	भएको	अनुसूची २, भएको	भएको
३	सवारी कर (रिक्सा, अटोरिक्सा, ट्याक्सी)	भएको	अनुसूची ६, भएको	नभएको
४	सवारी दर्ता तथा वार्षिक सवारी कर रुट इजाजत	भएको	अनुसूची ६, भएको	नभएको
५	घर जग्गा बहाल कर	भएको	अनुसूची ३, व्यक्तिगत घर बहाल कर ५ प्रतिशत प्रति महिना र संस्थागतः बहाल रकमको १० प्रतिशत	भएको
६	व्यवसाय कर	भएको	अनुसूची ४, खुद्रा, थोक तथा व्यवसायका प्रकृतिहेरी १५ किसिमका वर्गिकरण	भएको
७	विज्ञापन कर	भएको	अनुसूची ७, विज्ञापन प्रति गोटा प्रति वर्ग फिट गरी ५ प्रकारमा वर्गिकरण गरिएको छ। रु ५ देखि रु १०० सम्म	नभएको
८	मनोरञ्जन कर	भएको	अनुसूची ८, दर निर्धारण नभएको रु १००० देखि रु १५०० सम्म	नभएको
९	घर जग्गा रजिष्ट्रेशन शुल्क	भएको	अनुसूची १	भएको
१०	जडिबुटी, कवाडी र जिवजन्तु कर	भएको	अनुसूची ५	नभएको
ख.	**गैर कर राजश्व**			
१	ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क	भएको	नभएको	भएको
२	नक्सापास दस्तुर	भएको	भएको	नभएको
३	व्यक्तिगत घटना दर्ता शुल्क	भएको	भएको	भएको
४	बहाल विटौरी शुल्क	भएको	अनुसूची ९, ७ प्रकारमा वर्गिकरण	भएको २०७७
५	पार्किङ्ग शुल्क	भएको	अनुसूची १०, न्यूनतम रु ५ देखि अधिकतम रु ३० सम्म	नभएको
६	अस्पताल संचालन	भएको	नभएको	नभएको
७	फोहरमैला व्यवस्थापन शुल्क	भएको	भएको	नभएको

Pathway Engineering Consultancy Pvt.Ltd.(PEC) 2076

क्र. सं	आयका प्रकार	सम्भावनाको विवरण	दर निर्धारणको अवस्था	संकलन भएको/नभएको
८	स्थानीय खानेपानी महसुल	भएको	भएको	नभएको
९	स्थानीय विद्युत महसुल	नभएको	नभएको	नभएको
१०	केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्यारागलाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क	भएको	नभएको	नभएको
११	निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क । खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, बसपार्क, पुलआदि	भएको	भएको	नभएको
		भ्यूटावर	भएको	नभएको
		पार्क सङ्ग्रालय प्रवेश शुल्क	भएको	नभएको
		गुफा प्रवेष	भएको	नभएको
		पिकनिक स्थल	भएको	नभएको
१२	मूल्यांकन सेवा शुल्क	भएको	सम्पत्ति मूल्यांकन तथा स्रोत प्रमाणित प्रति लाख रु १००	भएको
१३	दर्ता, अनुमति तथा नवीकरण दस्तुर । एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म	भएको	भएको	भएको
१४	ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क	भएको	रु २०००	नभएको
१५	वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर	भएको	रु १०० देखि २००० सम्म	भएको
१६	दण्ड जरिवाना	भएको	भएको	भएको

स्रोतः शाखागत छलफल तथा आर्थिक ऐनको आधारमा

नगरपालिकामा उल्लेखित करका शीर्षकतर्फ सम्पत्तिमा आधारित (मालपोत र सम्पत्ति) दुवै कर संकलन भएको देखिन्छ । घरजग्गा वहाल करतर्फ आशिंक मात्रामा असुली भएको देखिएको छ । जडीबुटी, कवाडी र जीवजन्तु कर तथा मनोरञ्जन कर सम्भावना न्यून रहेको छ । सवारी करको सम्भावना भएर दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिँदैन । व्यवसाय कर लिइएको छ तर अझै प्रभावकारी बनाउनु पर्ने छ ।

त्यसैगरी गैरकर तर्फ वडाबाट गरिने सिफारिस दस्तुर, नक्सापास दस्तुर, सम्पत्ति मूल्यांकन सेवा शुल्क, पूर्वाधार उपयोग सेवा शुल्क, फोहरमैला व्यवस्थापन शुल्क र पिकनिक स्थल, पोखरी, उद्यान शुल्क (ठेक्का) शुल्क लगाउने गरिएको छ । वहाल बिटौरीका मार्फत सपिङ कम्प्लेक्सबाट मासिक भाडा वापतको शुल्क उठ्ने गरेको देखिन्छ ।

नगरपालिकामा राजस्व संकलन हुने विभिन्न आय शीर्षकहरू मध्ये हाल १२ वटा शीर्षकहरुबाट मात्र संकलन भइरहेको छ तथापि राजश्व प्रशासन सुधार गरी अन्य शीर्षकहरूबाट समेत आय संकलन गर्ने सम्भावना देखिन्छ ।

१.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजश्व मध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शीर्षक अन्तर्गत गरिएको छ ।

३.३.१ कर राजस्व

क. भूमि कर (मालपोत)

हालको अवस्था: नगरपालिकाको आर्थिक ऐन, २०७८।०७९ ले जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गा भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार मानिने व्यवस्था उक्त ऐनले गरेको छ । भूमि कर उठाउन जग्गाका हदबन्दी परिमाण अनुसार १० रोपनीसम्म, ११ रोपनीदेखि २० रोपनीसम्म र २० रोपनी भन्दामाथि गरी तीन प्रकारमा वर्गीकरण गरी तोकिएको छ ।

संभाव्यता: नगरको पार्श्वचित्र अनुसार यस नगरपालिकामा करिब ३६३४ घरधुरी रहेकाले भूमि करको रुपमा करिब ३९९५ अनुमानित करदाता हुन सक्ने अनुमान रहेको छ जग्गाको स्वामित्व, उपयोगिता र पहुँचका आधारमा ३ वटा समुहमा वर्गिकरण गरी सोही बमोजिम दर तोकिएको छ । विगतमा एकिकृत सम्पत्ति करको रुपमा यसको कार्यान्वयन गरिएको र पछि संघीय कानुन संसोधन भई व्यवस्था फेरिंदा समेत यो प्रणाली कायमै रहेकाले मालपोत बापतको कर संकलनलाई छुट्टै गणना गर्न सकिने देखियता पनि हाललाई निम्नानुसारको सुधार गरी मालपोत बापतको थप राजस्व असुल गर्न सकिने अवस्था छ ।

तालिका नं. ६: नगरपालिकाको आय परिचालनको अवस्था

क्र.सं.	मालपोतको औसत मूल्यांकन	अनुमानीत करदाता संख्या	औसत करको दर	सम्भाव्य आम्दानी (रु.)
१	२० लाख रुपैयाँसम्मको मूल्यांकनमा	५३०	२५०	१३२५००
२	२१ लाख देखि ५० लाखसम्मको मुल्यांकनमा	२९५०	७००	२०६५०००
३	५१ लाख देखि १ करोड सम्मको मुल्यांकनमा	३४०	१०००	३४००००
४	१ करोड १ लाख देखि २ करोड सम्मको मुल्यांकनमा	१००	७५००	७५००००
५	२ करोड १ लाख देखि ३ करोड सम्मको मुल्यांकनमा	६५	१५०००	९७५०००
६	३ करोड १ लाख देखि माथिको मुल्यांकनमा	१०	२८०००	२८००००
	जम्मा	३९९५		४५४२५००

सुधारका पक्षहरू:

नगरपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधीकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन् ।

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने
- सडकहरुको नक्साइन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानूनी व्यवस्था गर्ने
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ख. सम्पत्ति कर

हालको अवस्था: नगरपालिकाको पाश्वचित्र विवरणअनुसार यहाँ कुल ३६३४ घरधुरी रहेका छन् । विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लिने व्यवस्था गरेको छ । नगरपालिकामा ढलान घर ८, ढुंगा तथा इटाको गारोमा सिमेन्ट जडान भएका घर २२०४, ढुंगा माटोको जोडाइ तथा काठको अर्धपक्की घर १४०५ र अन्य प्रकारका घर १७ वटा रहेका छन् ।

नगरपालिकाको प्रमुख स्रोतको रुपमा सम्पत्ति कर रहेको छ । आ.व. २०७६/७७ मा रु. ८ लाख ५२ हजार ५६७ असुल भएको पाइन्छ । त्यसपछि सम्पत्ति कर छुट्टै नउठाइएको भूमिकरमात्र उठाइएको छ ।

संभाव्यता: नगरको पाश्वचित्र अनुसार यस नगरपालिकामा करिब ३६३४ घरधुरी रहेकाले सम्पत्ति करका करदाताको रुपमा न्यूनतम त्यति नै आकलन गरिएको छ । अनुमानित करदाताको संख्या तथा सम्पत्तिकरको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना देहाय बमोजिम देखिन्छ ।

तालिका नं. ७: नगरपालिकाको सम्पति करको सम्भावनाको अवस्था

क्र.सं.	सम्पत्तिको औसत मूल्यांकन	अनुमानीत करदाता संख्या	औसत करको दर	सम्भाव्य आम्दानी (रु.)
१	२० लाख रुपैयाँसम्मको मूल्यांकनमा	१००	२५०	२५०००
२	२१ लाख देखि ५० लाखसम्मको मुल्यांकनमा	२०००	७००	१४०००००
३	५१ लाख देखि १ करोड सम्मको मुल्यांकनमा	८००	१५००	१२०००००
४	१ करोड १ लाख देखि २ करोड सम्मको मुल्यांकनमा	६७०	७५००	५०२५०००
५	२ करोड १ लाख देखि ३ करोड सम्मको मुल्यांकनमा	५५	१५०००	८२५०००
६	३ करोड १ लाख देखि माथिको मुल्यांकनमा	१०	२८०००	२८००००
	जम्मा	**३६३५**		**८७५५०००**
	पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०			४३७७५००
	दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५			५६९०७५०
	तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५			७४४१७५०

सुधारका पक्षहरू:

सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने
- नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत्करको दायरामा ल्याउने
- सम्बन्धित करदाताको सम्पति मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

ग. घरजग्गा बहाल कर

हालको अवस्था: नगरपालिकाको आर्थिक ऐनले नगर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा घर जग्गा बहाल कर लगाईने र असूल गरिने उल्लेख गरेको छ। संस्थागत बहाल कर (भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा) बहाल रकमको १० प्रतिशत तोकेको छ। तर हालसम्म संस्थागत रुपमा बहालमा दिइएका घरहरुबाट मात्र यो कर संकलन गरिएको भन्ने जानकारी नगरपालिकासँगको छलफलमा प्राप्त भएको हो। यसबाट आ.व. २०७७/७८ मा रु १२ हजार १०० मात्र असुल भएको देखिन्छ।

सम्भाव्यता: नगरपालिकाले घरजग्गा बहाल करलाई संस्थागत, व्यवसायिक र आवसिय गरी तीन भागमा वर्गीकरण गरेको र संस्थागत र व्यवसायिकको हकमा १० प्रतिशत र आवसीयको हकमा ५ प्रतिशत दर कायम गरेको छ। पाँचखपन नगरपालिकाको घरधुरी सर्वेक्षणको तथ्यांक अनुसार करिब १२३० घर धनीहरुले आफना घर बहालमा लगाउने गरेको देखिन्छ। उक्त संख्यामा रहेका घरहरुबाट घरबहाल स्वरुप ४८ लाख कुल आय गर्न सकिने सम्भावना रहेकोमा पहिलो वर्ष ५० प्रतिशत घरहरुबाट मात्र बहाल कर संकलन हुने र क्रमस दोश्रो र तेश्रो वर्षहरुमा ६५ र ८५ प्रतिशत बहाल कर संकलन हुने प्रषेपण गरिएको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ८: नेगरपालिकामा घरबहाल करको सम्भावनाको गणना

क्र.सं.	प्रयोजनका आधारमा बहालमा बस्ने	बहालमा बस्ने संख्या	मासिक भाडा रकम	वार्षिक भाडा रकम	जम्मा भाडा असुली	घर बहाल कर (रु.)
		(क)	(ख)	(ग)	(घ)	
			अनुमानित	ख x १२	क x ग	घ को १० प्रतिशत
१	संस्थागत	१५०	१२०००	१४४०००	२१६०००००	२१६००००
२	व्यवसायिक	८०	१५०००	१८००००	१४४०००००	१४४००००
३	आवासिय	१०००	२०००	२४०००	२४००००००	१२०००००
जम्मा		१२३०			३६०००००	४८०००००
पहिलो वर्ष करको वायरामा आउन सक्ने प्रतिशत ५०						२४०००००
दोश्रो वर्ष करको वायरामा आउन सक्ने प्रतिशत ६५						३१२००००
तेस्रो वर्ष करको वायरामा आउन सक्ने प्रतिशतं ८५						४०८००००

सुधारका पक्षहरू:

नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालासँगको छलफल तथा स्थानीय स्तरको अध्ययन भ्रमणका आधारमा घरबहाल करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने
- घरबहाल कर संकलन गर्दा नगरपालिकाले निर्धारण गरेको दरमा आधारित भई कर असुली गर्ने
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने
- सम्पत्ति कर, व्यवसाय कर र घर जग्गा बहाल कर संकलनलाई एकीकृत रुपमा एकै पटक उठाउन सकिने गरी तथ्यांक र असूली प्रकृयामा सफ्टवेयर पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने।
- बहालकर उठाउन सचेतना कार्यक्रम गर्ने र कडाइका साथ उठाउन सुरु गर्नुपर्ने देखिन्छ।

घ. वित्तिय र पूँजिगत कारोवारमा लाग्ने कर (व्यवसाय कर)

हालको अवस्था: नगरपालिकाले आर्थिक ऐन मार्फत् कारोवारको प्रकृति हेरी व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ। आर्थिक ऐनमा अधिकृत

पुँजीका आधारमा १६ भागमा वर्गीकरण गरिएको छ । सबैभन्दा बढी बियर वाइन मदिरा उत्पादन गर्नको लागि दर्ता शुल्क रु २०,००० निर्धारण गरिएको छ भने दोस्रो बढी बाणिज्य बैंक संचालन संचालन गर्न दर्ता शुल्क रु १०,००० निर्धारण गरिएको छ । न्यूनतम दर्ता शुल्क कृषी तथा पशुपालन व्यावसायको लागि दर्ता शुल्क रु ५०० निर्धारण गरिएको छ । नगरपालिकाले व्यवसाय कर बापत आ.व. २०७६/७७ मा रु २ लाख ४२ हजार असुल भएको थियो । त्यसैगरी, चालु आ.व. २०७७/७८ को फागुन १५ गते सम्ममा रु.१ लाख ४९ हजार ४१० असुल भएको देखिन्छ ।

संभावना: नगरपालिकाको हालसम्मको तथ्यांक अनुसार सबै वडाहरुमा विभिन्न प्रकारका साना ठुला गरी २१० वटा व्यावसायहरु संचालन भएका छन् । सबै व्यवसाय नगरपालिकामा दर्ता भई करको दायरमा आएका छैनन् । ती व्यवसायहरुलाई करको दायरामा समावेस गर्न सके आगामी आ.व.करको दायरामा आउने साना ठुला व्यावसायको पूँजी हेरी करिब रु. २ लाख ८० हजार व्यवसाय कर संकलन हुन सक्ने सम्भावना देखिएको छ । तर आगामी आ.व.मा नै सबै व्यवसायलाई करको दायरमा ल्याउन नसकिने कुरा लाई मध्यनजर गर्दै ६५ प्रतिशत व्यवसायबाट करिब रु. ५ लाख ५५ हजारसम्म व्यावसाय कर प्राप्त हुने अनुमान गरिएको छ भने त्यस पछिका वर्षहरुमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुदै जानेछ ।

तालिका ९: व्यवसाय करको सम्भावनाको गणना

	व्यवसाय इजाजत (दर्ता तथा पाँच वर्षको लागि नबिकरण) दस्तुरको दर				
क्र.सं.	न्यापार न्यवसायको विवरण	संख्या	करको दर	नबिकरण दस्तुर	संभावित आय
१	५ लाखसम्म पूँजी भएको न्यवसाय	१६०	५००	उद्योग न्यवसायको वार्षिक नबीकरण गर्दा पुँजीमा लाग्ने न्यवसाय करको ५ प्रतिशत	८००००
२	५ लाख एक देखि १० लाखसम्म पूँजी भएको न्यवसाय	२२५	१०००		२२५०००
३	१० लाख एक देखि माथिको पूँजी भएको न्यवसाय	५०	५०००		२५००००
जम्मा		**४३५**			**५५५०००**
पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०					२७७५००
दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५					३६०७५०
तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५					४७१७५०

ङ. विज्ञापन कर

हालको अवस्था: विद्यमान कानूनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा नगरपालिकाको आर्थिक ऐन अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाई असूल उपर गरिने र यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत नगरपालिका संचित कोषमा राजश्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ । नगरपालिकाले विज्ञापनशीर्षकबाट हालसम्म आम्दानी गरिएको देखिदैन ।

सम्भावना: यस नगरपालिकाअन्तर्गत कुनै राजमार्ग नपरेपनि दुई वटा सहायक राजमार्ग पर्दछन् । बजार क्षेत्र, वसपार्क क्षेत्र, राजमार्गका सडक र पर्यटकीय क्षेत्र आसपास साना ठूला होर्डिङ बोर्डहरु राखे बापत एकमुष्ठ ठेक्का मार्फत वार्षिक करिब १ लाख ६ हजार को हाराहारीमा राजस्व असुली हुने देखिन्छ ।

Pathway Engineering Consultancy Pvt.Ltd.

सुधारका पक्षहरू:
- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्रीसम्बन्धी लगत संकलन गर्ने
- विज्ञापन कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यवस्था गर्ने ।

च. जडीबुटी, कवाडी, जीवजन्तु कर

हालको अवस्था: यस शीर्षकमा नगरपालिकाले हालसम्म कुनै कर संकलन गरेको छैन । नगरपालिकाको आर्थिक ऐनमा नगरपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कवाडी र जिवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाइने र असुलउपर गरिने उल्लेख गरेको छ । नगरपालिका आर्थिक ऐनको अनुसूची ५ मा ऊन, खोटो, बनकस,चिराइतो लगायतका जडीबुटी तथा अन्य वन पैदावरको व्यवसायिक उपयोग कर निर्धारण गरिएको छ । त्यसैगरी जीवजन्तु कर (प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला, वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग कर) व्यवस्था गरिएको छ । जसमा मृत जिवजन्तुको छाला प्रति के.जी. रु १ देखि २५ सम्म तोकिएको छ । कवाडी मालको कारोबारमा ३१ प्रकारका विभिन्न सामानका दररेट निर्धारण गरिएका छन् ।

सम्भावना: यस नगरपालिकाका सहायक राजमार्गको बजार फैलिएको हुनाले कवाडी मालवस्तुको संकलन र निर्यात हुने सक्ने देखिन्छ । त्यसैगरी जडिबुटीमा चिराइतो, बोजो, ओखर, रुद्राक्ष, तेजपत्ता लगायतका विभिन्न जडिबुटीको संकलन तथा विक्रीसम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाव्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड, छाला, प्वाख आदिको अभिलेख विना कारोबार भइरहेको सुनिछ । यस नगरपालिकामा उल्लेखित शीर्षक अन्तर्गत कवाडी तर्फ ५ लाखसम्म र जडिबुटी र जिवजन्तु तर्फ २ लाख गरी करिब ७ लाख हाराहारीमा आम्दानी हुनसक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:
- यससँग सम्बन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने
- कवाडी वस्तुको व्यवसायिक कारोबारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर संकलन गर्ने
- जडीबुटीको र जिवजन्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर संकलन शुरुवात गर्ने ।

छ. सवारी साधन कर

नगरपालिका आर्थिक ऐनको अनुसूची ६ मा नगरपालिकाले सिमित सवारी साधन (अटो, रिक्सा र टेम्पो) हरूको दर्ता शुल्क रु ३००० र नवीकरण शुल्क २००० र इ-रिक्साको लागि दर्ता शुल्क रु १००० र नवीकरण शुल्क रु ८०० वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार भएकाले सो को मात्र सम्भावनाको अध्ययन गरिएको छ । नगरपालिका क्षेत्रमा राजस्व संकलन गर्न सकिने त्यस किसिमका सवारी साधनहरू न्यून संख्यामा रहेको र यसको लगत तथा नियमन नभएकाले राजश्व संकलन भई रहेको देखिदैन । आगामी आ.व.बाट नगर भित्र संचलन हुने अटो रिक्सा, ईरिक्साहरुलाई करको दायरामा ल्याई कर राजश्व संकलन गर्न सकिन्छ । तर हाललाई त्यस किसिमका सवारी साधनबाट आम्दानीको सम्भाव्यता आँकलन गरिएको छैन ।

सुधारका पक्षहरू:
नगरपालिकाले साना सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

Pathway Engineering Consultancy Pvt.Ltd.(PEC) 2076

- रिक्सा, विद्युतीय रिक्सा सम्बन्धी तथ्यांक संकलन गरी नगरपालिकामा दर्ता गराउने
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण, जनशक्ति व्यवस्थापन र अन्य सम्बद्ध निकायहरुसँग समन्वयको व्यवस्था मिलाउने
- करको दर र सम्बन्धित विषयमा सरोकारवालाहरुसँग छलफल गरी छिमेकी नगरपालिकाहरुको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने
- इञ्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने ।

३.३.२ गैह कर राजस्व

नगरपालिकाले नगरवासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्ने सक्ने प्रावधान अनुरुप नगर सभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरू संकलन गरिरहेको छ । यसै सन्दर्भमा अगामी आ.व.हरुमा नगरपालिकालाई प्राप्त हुने राजस्व अनुमान गरिएको छ ।

क. व्यवसाय रजिष्ट्रेशन दस्तुर

हालको अवस्था: हालको कानूनी व्यवस्था अनुसार नगरपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नवीकरण गरि सो को दस्तुर संकलन गर्नसक्ने छ । स्थानीय तहहरूको गठन संगै नगरपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघसंस्थाहरू एकपटक नगरपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन । व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नवीकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ । नगरपालिकाले आर्थिक ऐन अनुसूची ४ मा निर्धारण गरेको दर्ता शुल्कको आधारमा घ वर्गको निर्माण व्यवसायी दर्ता शुल्क रु ५००० र नवीकरण शुल्क रु १००० निर्धारण गरिएको छ ।

सम्भावना: आउने आ.व.मा करिब २१० वटा संघसंस्थाहरू दर्ता/नवीकरण हुने र सो बापत नगरपालिकालाई करिब १ लाख ८० हजारको हाराहारीमा राजस्व प्राप्त हुने अनुमान गरिएको छ भने त्यसपछिका आ.व.हरूमा न्यून संख्यामा संघसंस्थाहरू दर्ता हुदै जाने तथा अघिल्ला आ.व.हरूमा दर्ता भएकाहरू नवीकरण हुदै जानेछन् । उल्लेखित सम्भावित रजिष्ट्रेशन दस्तुर बापतको आय सम्बन्धित व्यवसायिक संघ संस्था दर्ता गर्दाको आर्थिक वर्षमा दर्ता दस्तुर रकम मात्र संकलन हुने र त्यसपछिका आ.व.मा नवीकरण गर्दा नवीकरण दस्तुर प्राप्त हुने गर्दछ ।

तालिका १०: व्यवसाय रजिष्ट्रशन दस्तुरको सम्भावनाको गणना

क्र.सं.	न्यापार व्यवसायको विवरण	संख्या	करको दर	नविकरण दस्तुर	संभावित आय (रु.)
१	५ लाखसम्म पूँजी भएको व्यवसाय	६०	५००	उद्योग व्यवसायको वार्षिक नवीकरण गर्दा पुँजीमा लाग्ने व्यवसाय करको ५ प्रतिशत	३००००
२	५ लाख एक देखि १० लाखसम्म पूँजी भएको व्यवसाय	१२५	१०००		१२५०००
३	१० लाख एक देखि माथिको पूँजी भएको व्यवसाय	२५	५०००		१२५०००
जम्मा		२१०			२८००००
पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०					१४००००
दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५					१८२०००
तेश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५					२३८०००

सुधारका पक्षहरू:

- दर्ता, अनुमति र नवीकरणका लागि छुटटै कार्यविधि तर्जुमा गर्ने
- आर्थिक ऐनमा दर्ता, अनुमति र नवीकरण दस्तुरको दर निर्धारण गर्ने
- नयाँ संस्था, फर्म वा उद्योग स्थापना गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने
- अनुमति नलिई संचालनमा रहेका संस्था, फर्म वा उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

ख. वहाल विटौरी शुल्क

हालको अवस्था: नगरपालिका आर्थिक ऐनको अनुसूची ९ मा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत वहाल विटौरी शुल्क संकलन गर्न सक्ने कानूनी प्रावधान रहेको छ । जहाँ न्यूनतम रु १० देखि अधिकतम रु ५० सम्म शुल्क निर्धारण गरेको छ । सार्वजनिक जग्गा, बाटोको छेउछाउका सार्वजनिक स्थलमा रहेका टहरा, पसलहरु बाट प्रभावकारी रुपमा विटौरी कर संकलन गर्न सकेको खण्डमा राजस्व असुलीको संभावना देखिन्छ । प्रयाप्त क्षेत्रगत तथ्यांकको अभावले गर्दा प्रस्तुत अध्ययनमा नगरपालिकाकालागि आगामी आ.व. २०७८/७९ मा संकलन हुन सक्ने विटौरी करको रकम मात्र अनुमान गरिएको छ ।

संभावना: वहाल विटौरी शुल्कका लागि यस नगरपालिकाको सहायक राजमार्ग आसपास रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी असुल गर्न सकिन्छ । यसप्रकार सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरु करिब १०० को संख्यामा रहेका र तिनीहरुसँग वार्षिक ५००० को दरले असुल गर्दा करिब ५ लाखसम्म आय प्राप्त हुने देखिन्छ ।

प्रभावकारी रुपमा नीतिगत व्यवस्थाका साथ यो कर लागु गर्न सकेमा नगरपालिकाललाई त्यस किसिमका जग्गा, संरचनाबाट करिब ५ लाखसम्म वार्षिक आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचनासम्बन्धी विस्तृत तथ्यांक संकलनलाई अन्तिम रुप दिई वहाल विटौरी शुल्कको दायरामा ल्याउने
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने
- हाट बजारमा हुने पसल तथा व्यापारसम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।
- नगरपालिकाले हाल उठाइ आएको अव्यवस्थित बसोबास व्यवस्थापन शुल्क संविधान र प्रचलित संघीय कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकारभित्र नपर्ने देखिएकोले विद्यमान आर्थिक ऐनमा परिमार्जन गरी वहाल विटौरी शुल्कको दायरामा ल्याउने ।

ग. सिफारिस तथा प्रमाणित दस्तुर

हालको अवस्था: नगरपालिकाकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गर्दैआएको छ । आर्थिक ऐनको अनुसूची १२ मा विभिन्न २० किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश तथा प्रमाणित दस्तुर वापत आ.व. ०७७।७८ मा ५ लाख ६१ हजार ९ सय रुपैया संकलन भएका थियो । चालू आ.व.०७८।७९ को फाल्गुन १५ गतेसम्मको तथ्यांक अनुसार सिफारिस दस्तुर बापत २ लाख ६४ हजार ६ सय ८९ रुपैया संकलन भएको छ ।

सम्भावना: यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस

लगायतका विभिन्न सिफारिसहरू गरेबापत लिईने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । नगरपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शीर्षकहरूमा रकम समेत संकलन गरिरहेको छ । जस बापत न.पा.लाई करिब ३६ लाखको हाराहारीमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

तालिका ११: सिफारिश दस्तुरको विवरण

दस्तुर	औसत दैनिक	औसत वार्षिक निवेदन (वार्षिक २४० दिन)	औसत दर	सम्भाव्य राजस्व (रु.)
विभिन्न सिफारिस दस्तुर	३०	७२००	५००	३६०००००
जम्मा	**३०**			**३६००००० **

सुधारका पक्षहरू:

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने
- बडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने
- सबै बडा कार्यालयहरुमा कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।

घ. नक्शा पास दस्तुर

हालको अवस्था: नगरपालिकाको आर्थिक ऐनमा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन व्यापक रुपले अघि बढेको देखिदैन । छलफलको क्रममा नक्सापास प्रक्रिया शुरु गरिएको र निर्माण भइसकेका घरहरुको समेत नियमन गर्ने तयारी भएको उल्लेख गरिएको छ । यसका लागि नक्सापास निवेदन दस्तुर स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७ अनुसार गर्ने भनिएको छ । नगरपालिका भित्र आरसीसी स्टक्चरमा प्रति वर्ग फिट रु. ४ देखि रु १० सम्मका दर निर्धारण गरिएको छ । यस शीर्षकबाट हालसम्म रकम संकलन भएको देखिदैन ।

सम्भावना: नक्सापास नगरपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । नगर क्षेत्रमा नक्सापास अनुमति नलिइकन बनेका घरहरुको संख्या उल्लेख्य रहेका तर कडाइका साथ अभिलेखीकरण दस्तुर संकलन हुन नसकेको देखिन्छ । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानित संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय निम्नअनुसार कुल रु. ४८ लाख सम्म तिन वर्षसम्म संकलन गर्न सकिने आँकलन गरिएको छ ।

तालिका १२: नक्सा पास दस्तुरको सम्भावनाको गणना

क्र.सं.	विवरण	संख्या	औसत दर (प्रति नक्सा प्रति वर्ग फिट)	प्रति घर क्षेत्रफल (प्रति वर्ग फिट	सम्भाव्य आय (रु.)
१	घर नक्सा पास (औसत १२०० वर्ग फिट)	१०००	४	१२००	४,८००,०००
२	पुरानो घर अभिलेखिकरण प्रमाण पत्र (एकमुष्ट)	३६३४	०.५	५००	९०८,५००
जम्मा		**४६३४**			**५,७०८,५०० **

सुधारका पक्षहरु:

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्त करदातालाई सहुलियत प्रदान गर्ने

- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।

ङ. सरकारी सम्पत्तिको बहालवाट प्राप्त आय

हालको अवस्था: यस शीर्षकमा नगरपालिकाले आम्दानी गरेको देखिदैन । यस नगरपालिकाको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरु सभा हल, व्याक हो लोडर, हल भाडा, प्रोजेक्टर जस्ता सम्पत्ति आदि भाडामा दिएर नगरपालिकाले आय प्राप्त गर्न सक्ने तर नगरिरहेको अवस्था छ ।

सम्भावना: नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालनसम्बन्धमा प्रायाप्त तथ्यांकहरू नभएता पनि आगामी आ.व.मा देहाय अनुसार आय प्राप्त हुने अनुमान गरिएको छ ।

तालिका १३: सरकारी सम्पतिको बहालबाट आय

क्र. सं.	स्वामित्वमा रहेको सम्पत्ति	अनुमानित संभाव्य आय (रु.)
१	जेसीभि (व्याक हो लोडर) भाडा	५००,०००
२	वैठक हल भाडा	१००,०००
३	प्रोजेक्टर भाडा	१५,०००
४	अन्य	३००,०००
	जम्मा	**९,१५,०००**

सुधारका पक्षहरू:

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण एकीन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउनेसम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

च. मनोरञ्जन कर

नगरपालिकाले नगर क्षेत्र भित्र संचालित पार्क, भ्यूटावर, संग्रहलय, वाल उद्यान, झरना तथा अन्य मनोरंजन स्थलहरुका लगत तयार गरी आवश्यक नीतिगत निर्णय गरी आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ । यस किसिमको करको सम्भाव्यता हाललाई गणना गरिएको छैन ।

छ. अन्य विविध आय

नगरपालिकाले विभिन्न किसिमका फारमहरू बिक्रीबाट प्राप्त आयलाई बिकी अन्तर्गत राखेको छ भने अन्य विविध आयमा दण्ड जरिवाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शीर्षक अन्तर्गत नगरपालिकाले करिव **२० लाख**सम्म संकलन गर्ने सक्ने अनुमान गरिएको छ ।

परिच्छेद ४ : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेद अन्तर्गत पाँचखपन नगरपालिकाको समग्र राजस्व प्रशासनसंग सम्बन्धित आय संकलनको वर्तमान संस्थागत क्षमता र संकलनको अवस्थाका बारेमा विश्लेषण गरिएको छ ।

४.१ राजश्व परिचालन नीतिहरु

यस नगरपालिकाले राजश्व परिचालन तथा व्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजश्व परिचालनका लागि यस नगरपालिकाले निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको देखिन्छ ।

१. नगरपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनकालागि एकीकृत सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिनेछ ।

२. तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।

३. नगर क्षेत्र भित्र रहेका सार्वजानिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइनेछ ।

४. नगरपालिकाको आर्थिक क्षमता बढाउनका लागि नगर क्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति अवलम्बन गरिनेछ ।

५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

४.२ आय संकलनको संस्थागत क्षमता (राजश्व शाखा तथा राजश्व प्रशासन)

नगरपालिकाको संगठन स्वरुप हेर्दा राजस्व असुलीका लागि छुट्टै राजस्व शाखा स्थापना गर्नुका साथै निर्दिस्ट कर्मचारी पनि खटाउन नसकीरहेको अवस्था छ । नगरपालिकाले एक जना वडा सचिवलाई नै यसको जिम्वेवारी दिइएको छ । यसरी कार्य गर्दा प्रभावकारी रुपमा राजश्व असुलीमा व्यवधान आईरहेको कर्मचारीसँगको अन्तरक्रियाबाट अवगत भयो । अन्य शाखाहरुमा जस्तै राजस्व शाखाको कार्य संचालनका निमित्त छुट्टै प्रर्याप्त स्थान तथा कर्मचारीको अभाव रहेको देखिन्छ । नगरपालिकाले राजश्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितको) प्रयोग गर्नु नितान्त आवश्यक छ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजश्व वडा कार्यालयबाटै संकलन गर्ने व्यवस्था रहेको छ । दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास लगायतका सेवा भने नगर कार्यपालिका कार्यालयबाटै हुने गरेको छ ।

४.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

नगरपालिकाको धेरैजसो आम्दानीका शीर्षकहरुमा वडा कार्यालयहरूबाट राजस्व संकलन गर्ने गरिएको छ । नगरपालिकामा राजश्व संकलनका लागि छुट्टै इकाई छैन । राजस्व शाखाको कामकाज सहजिकरण र सेवा प्रवाहका छुट्टै कर्मचारी छैनन् । राजस्व असुलीका लागि प्रयाप्त मात्रामा भौतिक संरचना, एकीकृत कम्प्यूटर प्रणाली र आवश्यक कर्मचारीहरु उपलब्ध हुन नसकेको देखिन्छ ।

४.२.२ राजश्व परामर्श समिति

पाँचखपननगर कार्यपालिकामा उप प्रमुखको संयोजकत्वमा ७ सदस्यि राजश्व परामर्श समित गठन गरिनु पर्नेमा दुई सदस्य एकिन गरिएको छैन । समितिका सदस्यहरुमा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, राजस्व

२. राजश्व प्रशासनका लागि सिप एवं क्षमताले प्रयुक्त कर्मचारी कमी हुनु
३. राजश्वसम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु
४. नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु
५. राजस्व असुलीमा राजनैतिक प्रतिवद्धता नदेखिनु ।

४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजश्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । पाँचखपन नगरपालिकाले राजश्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् ।

४.४.१ कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघीय कानुनले प्रदान गरेका राजश्व अधिकारसम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी विनियोजन ऐन, आर्थिक ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरी नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

४.४.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजश्व अभिलेख तथा सूचना प्रणाली सहित राजश्व परिचालनका लागि सुदृढ तथा छुट्टै राजश्व शाखाको व्यवस्था गर्नु पर्ने देखिन्छ । साथै वडा कार्यालयलाई केही शीर्षकहरूमा राजश्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई आवश्यक तालिम दिई दक्ष बनाउन पर्ने देखिन्छ ।

४.४.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरुको प्राथमिकीकरण

नगरपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले नगरपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण आवधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजश्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ ।

४.४.४ विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका युवा अभिमुखीकरण, सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी नगरमा ठुलो संख्यामा रहेका महिला तथा युवा जनसंख्यालाई उद्यमी वा अन्तर उद्यमीको रुपमा रुपान्तरण गरी नगरवासीहरुको कर तिर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसकालागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी लघु साना एवम् मझौला उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ । नगर क्षेत्रमा संचालित व्यापार, पर्यटन, कृषि र व्यवावसाय लगायतका थप आयमुलक कार्यक्रमहरु संचालनमा गर्नुपर्ने देखिन्छ ।

४.४.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजश्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिक प्रति जवाफदेही हुन आवश्यक छ । जुन शीर्षकबाट आय आर्जन भएको हो सोही शीर्षकमा नै बढी खर्च गर्दा नगरवासीहरूमा राम्रो सन्देश जान सक्दछ । सकलित राजश्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

४.४.६ परिवर्तित व्यवस्था अनुसार राजश्व संकलन

परिवर्तित व्यवस्था अनुसार राजश्व संकलनको लागि कानूनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजश्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजश्व संकलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ।

परिच्छेद ५ : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । नगरपालिकाको राजश्वसम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरूसंगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ ।

तालिका १५: राजस्व सुधार कार्ययोजना

सुधारका क्षेत्रहरू	सुधारका क्रियाकलापहरू	समयावधि	जिम्मेवारी
क. कर तथा गैह्र कर राजस्व			
सम्पत्ति कर	▪ सम्पत्ति कर कार्यन्वयव सम्वन्धि अभिमुखीकरण कार्यकम गर्ने ▪ सम्पत्ति कर कार्यान्वयनका लागि कार्य विधि तयार गरि नगर सभा वा कार्यपालिकाबाट पारित गर्ने	२०७९ असार मसान्त सम्म	प्रमुख प्रशासकीय अधिकृत राजस्व परामर्श समिति नगर सभा, वडा कार्यालय
	▪ राजस्व शाखा अन्तर्गत रहने गरि सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधा को व्यवस्था गर्ने	२०७९ साउनको पहिलो हफ्तासम्म	प्रमुख प्रशासकीय अधिकृत राजस्व शाखा, वडा कार्यालय
	▪ असुल उपर गर्नको लागि सफ्टवेयर र विलिंग प्रणाली शुरु गर्ने		
	▪ मालपोत (बक्यौता समेत) असुल गर्ने	२०७९ श्रावण १ देखि	राजस्व शाखा, वडा कार्यालय
	▪ नगरपालिका भित्र रहेका वडाहरूमा माइकिङ, सभा,गोष्ठीहरू संचालन गरि जनचेतना जगाउने	२०७९ असार मसान्त सम्म	प्रमुख प्रशासकीय अधिकृत,वडा कार्यालय
	▪ सम्पत्ति कर लागु भएपछि सो कर प्राप्त भए नभएकोसम्बन्धमा अधिकार प्राप्त अधिकारी तथा अनुगमन टोली बनाई वडा वडामा अनुगमन गर्ने	निरन्तर	नगरकार्यपालिका, राजस्व परामर्श समिति
	▪ सम्पत्ति कर लागू भएका नपा, गापाहरूको हरूको अवलोकन भ्रमण गर्ने	२०७९ फाल्गुण मसान्त सम्म	नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा
	▪ नगरपालिका भित्र रहेका व्यवसायीहरूको तथ्यांक अध्यावधिक गर्ने	२०७९ आषाढ मसान्त सम्म	राजस्व शाखा वडा कार्यालयहरू

सुधारका क्षेत्रहरू	सुधारका क्रियाकलापहरू	समयावधि	जिम्वेवारी
व्यवसाय कर	▪ व्यवसायीहरूलाई करसम्वन्धी सवै वडाहरुमा १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने	२०७९ आषाढ मसान्त सम्म	राजस्व परामर्श समिति, वडा कार्यालय
	▪ दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने		
	▪ निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने ।	निरन्तर, नगरसभा	नगरसभा, प्रमुख प्रशासकीय अधिकृत
सवारी कर	▪ नगरपालिका क्षेत्रमा रहेका साना सवारी (ठेला लगायत) को लगत संकलन गर्ने ▪ दर्ता नवीकरणको प्रकृया अगाडि वढाई कर संकलन गर्ने ▪ अन्य सवारी करको विषयमा प्रदेश कानुन र प्रदेश सरकारसँग समन्वय अनुसार गर्ने ।	२०७९ श्रावण १ देखि	प्रशासन शाखा, वडा कार्यालय
घर वहाल कर	▪ नगरपालिका भित्र रहेका वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने ▪ घर वहालकर तिर्नका लागि घरधनीलाई प्रोत्साहित गर्ने ।	आ.व.०७८/७९ भित्र निरन्तर	प्रशासन शाखा, वडा कार्यालय
जडीबुटी, कवाडी, जिवजन्तु कर	▪ जडीबुटी निकासी वा पैठारी गर्ने, कवाडी कारोवार गर्ने, जिवजन्तु निकासी वा पैठारी गर्नेहरू संग राजस्व परामर्श समितिमा छलफल गरि उचित दर निर्धारण गरि कर संकलन गर्ने ।		२०७९ असार मसान्तसम्म
वहाल विटौरी शुल्क	▪ वहाल विटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने ▪ सार्वजनिक जग्गा, ऐलानी जग्गामा रहेका घरहरूकोसम्बन्धमा घरवालाहरू संग छलफल गरी करको शुल्क तोक्ने ▪ सार्वजनिक जग्गाहरू वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने ।	२०७९असार मसान्तसम्म	राजस्व परामर्श समिति नगरकार्यपालिका
व्यवसाय रजिष्ट्रेसन दस्तुर	▪ रजिष्ट्रेसन गर्नुपर्ने संघसंस्थाहरूको विवरण संकलन तथा अध्यावधिक गर्ने ▪ वडास्तरीय कर शिविरहरू संचालन गर्ने ।	२०७९ असार मसान्तसम्म	नगरकार्यपालिका र प्रशासन शाखा

सुधारका क्षेत्रहरू	सुधारका क्रियाकलापहरू	समयावधि	जिम्वेवारी
व्यवसाय कर	▪ व्यवसायीहरूलाई करसम्वन्धी सवै वडाहरुमा १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने	२०७९ आषाढ मसान्त सम्म	राजस्व परामर्श समिति, वडा कार्यालय
	▪ दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने		
	▪ निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने ।	निरन्तर, नगरसभा	नगरसभा, प्रमुख प्रशासकीय अधिकृत
सवारी कर	▪ नगरपालिका क्षेत्रमा रहेका साना सवारी (ठेला लगायत) को लगत संकलन गर्ने ▪ दर्ता नवीकरणको प्रकृया अगाडि वढाई कर संकलन गर्ने ▪ अन्य सवारी करको विषयमा प्रदेश कानुन र प्रदेश सरकारसँग समन्वय अनुसार गर्ने ।	२०७९ श्रावण १ देखि	प्रशासन शाखा, वडा कार्यालय
घर वहाल कर	▪ नगरपालिका भित्र रहेका वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने ▪ घर वहालकर तिर्नका लागि घरधनीलाई प्रोत्साहित गर्ने ।	आ.व.०७८/७९ भित्र निरन्तर	प्रशासन शाखा, वडा कार्यालय
जडीबुटी, कवाडी, जिवजन्तु कर	▪ जडीबुटी निकासी वा पैठारी गर्ने, कवाडी कारोवार गर्ने, जिवजन्तु निकासी वा पैठारी गर्नेहरू संग राजस्व परामर्श समितिमा छलफल गरि उचित दर निर्धारण गरि कर संकलन गर्ने ।		२०७९ असार मसान्तसम्म
वहाल विटौरी शुल्क	▪ वहाल विटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने ▪ सार्वजनिक जग्गा, ऐलानी जग्गामा रहेका घरहरूकोसम्बन्धमा घरवालाहरू संग छलफल गरी करको शुल्क तोक्ने ▪ सार्वजनिक जग्गाहरू वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने ।	२०७९असार मसान्तसम्म	राजस्व परामर्श समिति नगरकार्यपालिका
व्यवसाय रजिष्ट्रेसन दस्तुर	▪ रजिष्ट्रेसन गर्नुपर्ने संघसंस्थाहरूको विवरण संकलन तथा अध्यावधिक गर्ने ▪ वडास्तरीय कर शिविरहरू संचालन गर्ने ।	२०७९ असार मसान्तसम्म	नगरकार्यपालिका र प्रशासन शाखा

सुधारका क्षेत्रहरू	सुधारका क्रियाकलापहरू	समयावधि	जिम्वेवारी
अचल सम्पत्ति मूल्यांकन शुल्क	▪ सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ▪ मूल्यांकन शुल्क दर आवश्यक मात्रामा पुनरावलोकन गर्ने ▪ वैदेशीक र वैंकिङ प्रयोजनको रुपमा वर्गिकरण गर्ने ।	२०७९असार मसान्तसम्म	राजस्व परामर्श समिति राजस्व शाखा
पर्यटन सेवा शुल्क	▪ ऐतिहासिक, पर्यटकिय तथा अन्य धार्मिक स्थलहरू र ति क्षेत्रहरूको प्रचार प्रसार, विकास तथा सेवाहरूको व्यवस्थापन गरी पर्यटन शुल्क लगाउने ।	निरन्तर	राजस्व शाखा प्रशासन शाखा नगरकार्यपालिका
पुर्वाधार उपयोग शुल्क	▪ नगरपालिकाले निर्माण गरेका संरचना वा हस्तान्तरण भई आएको बाटो, धर्मशाला, सभागृहहरू लगायतमा शुल्क निर्धारण गरि उपयोग शुल्क लगाउने ।	२०७९ आषाढ मसान्त सम्म	नगरकार्यपालिका, राजस्व परामर्श समिति
नक्सा पास दस्तुर	▪ घर,टहरा ,कम्पाउण्ड नक्सापास दस्तुर कडाईका साथ अनिवार्य गर्नुपर्ने	निरन्तर	वडा कार्यालय नक्सापास शाखा नगरकार्यपालिका
	▪ नियमित अनुगमन र दण्ड जरिवाना लगाउने	हरेक तीन/तीन महिनामा	नक्सापास शाखा, राजस्व शाखा
	▪ अभिलेखिकरण प्रकृयालाई आगामी आ.व.सम्म कायम राख्ने	२०७८/०७९ सम्म	नक्सा शाखा
अन्य	▪ विभिन्न सेवा शुल्कहरूका दर निर्धारण गरि सेवा शुल्क लिने ।	२०७९ असार मसान्तसम्म	नगरसभा, राजस्व परामर्श समिति
ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन			
सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन	▪ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरू, सार्वजनिक स्थलहरू, रुखविरुवा अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्वर्द्धन गर्ने, सोको परिचालन संभाव्यता अध्ययन गर्ने ।	२०७९ असोज मसान्तसम्म	प्रमुख प्रशासकिय अधिकृत नगरकार्यपालिका,नगर सभा सम्वन्धित वडा कार्यालयहरू
सम्भाव्य सुविधाको निर्माण, संचालन तथा व्यवस्थापन	▪ नगरपालिका को दीर्घकालिन आय स्रोत हुने गरी सम्भाव्यता अध्ययन गर्ने ▪ कृषी तथा तरकारी बजार केन्द्र (हाट बजार) व्यवस्थित गर्ने	आ.व. ०७९/०८० देखि ०८१/०८२ मसान्तसम्म	नगरकार्यपालिका, सम्वन्धित वडाकार्यालय निजी क्षेत्र

सुधारका क्षेत्रहरू	सुधारका क्रियाकलापहरू	समयावधि	जिम्वेवारी
	▪ सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थित गर्ने ▪ संघसंस्था तथा निजि क्षेत्रका स्कुलहरू आदिसंग छलफल गरी तिनिहरूलाई करको दायरामा ल्याउनें ▪ मेलापर्वहरूमा मनोरञ्जन गराउने व्यवसायीहरूलाई करको दायरामा ल्याउने ▪ धर्मशाला, सभाहल निर्माण गरि आय आर्जन गर्ने ▪ नगरपालिका को मुख्य बजार क्षेत्रमा वाइफाइ जोनको विकास गरि आय आर्जन वृद्धि गर्ने ▪ पार्किङ्ग स्थलहरुको निर्माण तथा व्यवस्थापन गर्ने ।		
महत्वपुर्ण धार्मिक तथा पर्यटकिय स्थलहको विकास, संरक्षण तथा प्रवद्धर्धन	▪ नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरूको विकास, संरक्षण तथा प्रवद्धर्धनकका लागि गुरुयोजना बनाउने अध्ययन गर्ने ।	२०७९ चैत्र मसान्तसम्म	नगरपालिका कार्यपालिका, सम्बन्धित वडाकार्यालय निजी क्षेत्र
ग. राजस्व प्रशासन			
नीतिगत व्यवस्था	▪ राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐन तथा अन्य आवश्यक कार्यविधि तयार गरि नगरसभाबाट पास गर्ने ▪ राजस्व परामर्श समितिले पारित गरेका कर नीति लागु गर्ने ।	२०७९ आषाढ मसान्त भित्र	- प्रमुख प्रशासकिय अधिकृत - नगरसभा
सांगाठनिक व्यवस्था	▪ नगरपालिकाको संगठनात्मक व्यवस्था अर्न्तगत राजस्व शाखामा आवश्यक कर्मचारीहरू व्यवस्था गर्ने ▪ राजस्व प्रशासनका लागि आवश्यक भौतिक सुविधाहरू (कार्य स्थल, फर्निचर, ल्यापटप, प्रिन्टर, कम्प्युटर सफ्टवेयर आदि) ।	२०७९ आषाढ मसान्त भित्र	राजस्व परामर्श समिति प्रशासन शाखा
